दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३०३ | बुटवल | २०८२ कात्तिक २७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday November 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## चुनावको तयारीका ६० प्रतिशत काम पूरा : आयोग

बुटवल । निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा सदस्यको चुनावको तयारीअन्तर्गतका ६० प्रतिशत काम सकिएको बताएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले बुधबार आगामी निर्वाचनको तयारीका विषयमा निर्वाचन आयोगका पदाधिकारीहरूसँग छलफल गरेकी छन् ।

छलफलमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन तयारीअन्तर्गतका ६० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको जानकारी गराएका हुन् ।

हालसम्मको मूल्यांकनमा आउँदो फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सकिने विश्वास रहेको पनि आयोगले प्रधानमन्त्री समक्ष ब्रिफिङ गरेको छ ।

आयोगमा दर्ता रहेका र वडा सदस्यसम्म मात्र पनि विजय भएका दलहरूसँग छलफल गर्दा अहिलेसम्म कसैले पनि निर्वाचनमा भाग लिन नसकिने भन्ने भाव व्यक्त नगरेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताएका छन् ।

बरु विगतमा निर्वाचन बहिष्कार गरी बाधा-विरोध गर्ने समूह र दलहरूसमेत अहिले आयोगमा दर्ता भएर चुनावमा भाग लिन तत्पर भएको उल्लेख गर्दै उनले विगतमा भन्दा अझै सहज वातावरण बन्दै गएको बताएका हुन् ।

आयोगमा नयाँ दल दर्ता र मतदाता नामावलीमा समावेश हुने क्रम पनि उत्साहजनक रहेको बताउँदै उनले भनेका छन्-'हाम्रो मूल्यांकनअनुसार, तोकिएकै मितिमा निर्वाचन गराउन सम्भव छ र आयोग यसका लागि सक्षम छ। कुनै दुविधा राख्नुपर्ने अवस्था छैन ।'

प्रधानमन्त्री कार्कीको निर्देशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पठाएको तीनबुँदे पत्रको सम्बोधनमा भएका कामको प्रगति पनि आयोगले जानकारी गराएको थियो ।

जसअनुसार, आयोगको अनलाइन प्रणालीमा मतदाता नामावली दर्ताको चाप व्यवस्थापन गर्न बिहान ७ देखि साँझ ७ बजेसम्म दुई सत्रमा काम गर्न थालिएको, जनशक्ति पनि बढाइएको र प्राविधिक समस्याको पनि तत्काल समाधानको व्यवस्था मिलाइएको आयोगले जनाएको छ ।

हालसम्म १ करोड ८३ लाख ७७ हजार मतदाता आयोगको तथ्यांकमा अभिलिखित रहेको र पछिल्लो निर्वाचन घोषणापछि मात्र २ लाख ९ हजार ५५२ मतदाता थपिएको विवरण पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए ।

हालसम्म २२ वटा राष्ट्रिय र २ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरू निर्वाचन पर्यवेक्षणका लागि नाम दर्ता गराउन आइसकेको पनि आयोगले जनाएको छ ।आयोगले निर्वाचन आचारसंहिताको मस्यौदा सुझावका लागि सबै दललाई पठाइसकिएको जानकारी दिँदै अब निर्वाचन कार्यक्रम प्रकाशन गर्न लागेको बताएको छ ।

दलहरूसँग पुनः छलफल गर्ने पनि आयोगको तयारी छ । नेकपा एमालेसहित कतिपय दलहरु चुनावको वातावरण नबनेको दाबी गर्दै आएका छन् । एमालेले संसद पुनस्थापनाको माग गरेको छ ।

## नयाँगाउँ खानेपानीको आम्दानी र खर्च छानबिन गर्न माग



बुटवल । बुटवलको नयाँगाउँ खानेपानी तथा सरसफाइ संस्थामा आर्थिक अनियमितता भएको भन्दै २०६० सालयताको आम्दानी र खर्चको स्वतन्त्र छानबिन हुनुपर्ने परिषद् सदस्यहरुले माग गरेका छन् ।

संस्थामा नेपाली कांग्रेस र नेकपा एमालेको राजनीतिक सिण्डिकेट र भ्रष्टाचारको अखडा भएको आरोप लगाउँदै उनीहरुले छानबिनको माग गरेका हुन् । गिरिप्रसाद मरासिनी, बामदेव भुसाल र प्रेम आचार्यसहितका २६ जना परिषद् सदस्यहरुले आम उपभोक्ताको उपस्थितिमा साधारणसभाको माग गर्दै बहिस्कार गरेका छन् ।

संस्थाको आर्थिक अनियमितता र गल्ती लुकाउन आम उपभोक्तासहितको साधारणसभा राख्न डराएर १८३ जना परिषद् सदस्यको उपस्थितिमा मात्रै साधारणसभा राख्ने गरेको गिरिप्रसाद मरासिनीले बताए । संस्थामा बुटवल वडा नं. १२ र १३ का करिब ५ हजार घरधुरीका उपभोक्ता छन् । २६ जना परिषद् सदस्यहरुको बहिस्कार गरेता पनि बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयको प्रमुख आथित्यतामा साधारणसभा भएको छ। संशोधित विधानको बुँदा नम्बर १८ (६) मा सम्पूर्ण उपभोक्ता सदस्य वार्षिक साधारणसभामा सहभागि हुन पाउने व्यवस्था भएता पनि उपभोक्ताको अधिकारलाई कुन्ठित गरी बोलाइएको साधारणसभा आफूहरुलाई मान्य नहुने परिषद् सदस्य मरासिनीले बताए ।

» बाँकी ३ पेजमा

# सदरमुकाम निर्माणमा चोरीका ढुंगा प्रयोग, करोडौंको राजस्व छली



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको कावासोती ३ मा निर्माणाधिन नमूना सदरमुकाममा भौतिक संरचना निर्माणको लागि प्रयोग गरिने अर्बौंको ढुंगामा करोडौंको राजस्व छलि गरेको पाइएको छ ।

नमूना सदरमुकाममा ढुंगा आपूर्तिको जिम्मा पाएको कावासोतीका क्रसर व्यवसायी हेमुशंकर देवकोटाले विना बिल विजक, स्टक प्रमाणित समेत नगरेका चोरीका ढुंगाहरु बिक्री गरेका छन् ।

जिल्ला प्रशासन र सम्बन्धित पालिकाले कामको अनुगमन नगर्दा यस्तो भएको पाइएको हो । सम्बन्धित पालिकाका कर्मचारी, प्रहरी, प्रशासन, ठेकेदारका साथै भवन निर्माण हेर्ने निकाय सघन सहरी तथा भवन निर्माण आयोजना चितवनका कार्यलयका कर्मचारीहरु सहितको मिलेमतोमा यस्तो भएको पाइएको हो ।

स्थानीय क्रसर व्यवसायी एवम ठेकेदार हेमुशंकर देवकोटाले उक्त निर्माण क्षेत्रमा ढुंगा आपूर्तिको जिम्मा लिएको छ ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले यस विषयमा आफूले सम्बन्धित व्यापारी देवकोटसँग कुराकानी गरेको र उसले उक्त ढुंगाको कागजपत्र पुऱ्याउन नसके प्रशासनले जफत गर्ने जनाए ।

पाण्डेले भने - 'नमूना सदरमुकाम निर्माणको काम पनि रोकिन भएन काम गर्ने बाहनामा राजस्व छली, अवैध उत्खनन् तथा चोरी निकासी पनि हुनु भएन । यदि उसले ढुंगा कहाँबाट कसरी ल्याएको प्रमाणित गर्न नसके जफत हुन्छ ।'

नवलपुर जिल्लामा गत वर्ष खोलामा गिट्टी बालुवाको ठेक्का खुल्दासम्म नमूना सदरमुकाममा नदेखिएको यत्रा ढुंगा, खोला ठेक्का बन्द भएपछि रातारात थुप्रिएका हुन् । नमूना सदरमुकाम निर्माण स्थलमा गाउँबाट हेर्दा देखिने स्थानमा बारबेर गरेर काम गरिएको भए पनि ढुंगा ल्याउने स्थानमा भने चोरी गरेर थुपार्न मिल्ने गरी खुल्ला राखिएको छ ।

यो ढुंगा कावासोतीको केरुङ्गे खोला, पत्थर खोला, हुप्सेकोटको गिरुवारी खोलालगायतका खोलाहरुबाट चोरी गरी ल्याएको खुलेको छ ।

स्थानीय क्रसर व्यवसायी एवम् ठेकेदार हेमुशंकर देवकोटासँग यस विषयमा कुरा गर्दा उनले कुनै प्रतिक्रिया दिएनन् । उनले यस विषयमा भेटेरै कुरा गर्ने भन्दै तर्किए ।

कावासोती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेष पाण्डेले आफूहरुले यस विषयमा अध्ययन गरिरहेको जानकारी दिए । उनले भने-'निर्माणको नाममा राजस्व छलि हुन भएन ।'

प्रमुख प्रशासकीय अधिकृत पाण्डेले आफूले यस विषयमा प्रमुख जिल्ला अधिकारीलगायत सम्बन्धित पक्षसँग छलफल गरिरहेको जानकारी दिए ।

सघन सहरी तथा भवन निर्माण आयोजना चितवनका प्रमुख कृष्णकुमार महर्जनले आफूहरुले समान कहाँबाट कसरी ल्यायो भन्दा पनि ठेक्काअनुसार काम भए नभएको मात्रै हेर्ने विषय भएकोले यस विषयमा खासै जानकारी नभएको बताए ।

उनले भने-'निर्माणको नाममा प्राकृतिक स्रोत साधनको दोहन हुन भएन । त्यसैले हामीले स्थानीय पालिका र प्रशासनलाई यस विषयमा अनुगमन गर्न अनुरोध गरेका छौं ।'

करिब एक सय ८० विगाहा क्षेत्रफलमा नमूना सदरमुकाम भित्रको भवनहरु निर्माण कार्य अहिले धमाधम चल्दैछ । यहाँ २ पटक गरी लागेको ठेक्कबाट ९ वटा कार्यालय भवनका साथै सभाहल, गेट, वाल कम्पाउण्ड, केरुङ्गे खोलामा तटबन्धन, सडक कालो पत्रेलगायतका काम हुँदैछ ।

दुई फरक निर्माण कम्पनीले काम थालेको हालको आयोजनाको लागत ५ अर्ब २१ करोड रहेको छ । नमूना सदरमुकामको डीपीआर बमोजिम सबै काम सक्न कुल १६ अर्ब २५ करोड ५३ लाख ९० हजार लाग्ने अनुमान गरिएको छ ।

संघीय सरकारअन्तरगतको जिल्ला प्रशासन कार्यालय, नवलपुर जिल्ला अदालत, जिल्ला समन्वय समिति, सशस्त्र प्रहरी, कोष तथा लेखा नियन्त्रण कार्यालय, सभा हल र ४ वटा एकीकृत भवनको काम अघि बढिरहेको छ ।

कावासोती नगरपालिकाले अवैध ढुंगा खरिद गरेको सम्बन्धमा ठेकेदार कम्पनी समानान्तर जेभीलाई पत्र काट्ने तयारी गरेको छ । ढुंगा आपूर्तिको जिम्म पाएको व्यापारी हेमु शंकर देवकोटा जिल्ला प्रशासन कार्यालयबाट कागज पत्र मिलाइदिन भन्दै जिल्ला प्रशासन धाउने गरेको र एक जना अधिकृतमार्फत् प्रमुख जिल्ला अधिकारीसँग कुरा मिलाउन धाइरहेको समेत खुलेको छ ।

# दलित जनप्रतिनिधिले दलित महिलालाई ठगेको गुनासो



बुटवल । सैनामैना नगरपालिकाका कार्यपालिका सदस्य एवं दलित उत्थान संघ सैनामैनाका संस्थापक अध्यक्ष सुरज बरालले एक दलित महिलालाई जग्गा बिक्री गरे पनि जग्गा नदिएको पीडितले गुनासो गरेकी छन् ।

बरालले बुटवल -२ बस्ने राधा नेपालीलाई तिलोत्तमा ११ भूपू सैनिकको १० धुर अव्यवस्थित जग्गा चार लाख ५० हजार रुपैयाँमा बिक्री गरे पनि जग्गा भने नदिएको पीडित नेपालीले गुनासो गरेकी छन् ।

नेपालीले बुधबार पत्रकार सम्मेलन गरी २०७७ सालमा किनेको जग्गामा बरालले जालझेल गरी उक्त जग्गा नदिई खोलाले कटान गरेको अपुग जग्गा र भूमि आयोगले नापजाँच नगरेको जग्गा लिन दबाब दिएको, तर आफूले त्यस्तो जग्गा स्वीकार नगरेको बताइन् ।

बरालको उक्त ठाउँमै अझै १० कठ्ठा बढी जग्गा रहेको भए पनि रकम बुझेको वर्षौंसम्म आफूले दिन लिखित कबोल गरेको १० धुर जग्गा नदिएर दुःख दिएको उनले गुनासो गरिन् ।

'भूमि आयोगले नापजाँच गरेर पछि लालपुर्जा पाइने जग्गा भनेर मैले ऋणधन गरेर जग्गा किनेकी हुँ, तर उहाँले कहिले खोलाले कटान गरेको ५ धुर जग्गा त कहिले आयोगले नापजाँच नगरेको जग्गा लैजाउ भनेर जालझेल र आलटाल मात्रै गर्नुभयो,' राधाले भनिन्-'यही जग्गाको लागि विभिन्न निकायमा धाउँदा मेरो थप एक लाख जति खर्च भइसक्यो, यही जग्गाको लफडाले परिवारमा पनि बिग्रह भयो, स्कूलको जागिर पनि छाड्न पऱ्यो, अहिले ज्यादै पीडामा छु ।'

राजनीतिक पहुँच र शक्तिको आडमा आफूलाई बरालले ठगेको र वर्षौं सास्ती दिएकाले अब जग्गा नलिने बरु अहिलेको चलनचल्तीको मूल्यअनुसार पैसा फिर्ता दिनुपर्ने माग गरिन् । बरालले आफूलाई जातसँग जोडेर असभ्य भाषा प्रयोग गरेर धम्की दिने गरेको समेत राधाले दाबी गरिन् ।

'ममाथि अन्याय भएको छ, न्यायका लागि सरोकारवाला निकाय, दलित अगुवाको साथ खोजेकी छु,' उनले भनिन्-'दलित समुदायको अगुवा भन्ने, तर दलित समुदायकै सोझा साझा महिलालाई यसरी दुःख दिने र हेप्ने कामले निकै पीडा भएको छ ।' आफूलाई तिलोत्तमा वडा नं. ११ का वडाध्यक्ष विष्णु बरालले भने समस्या समाधानका लागि निकै सहयोग गरेको, तर सफल नभएको उल्लेख गरिन् । वडाध्यक्ष बरालले एकजना सोझी दलित समुदायकी महिलालाई दलित अगुवा र जनप्रतिनिधिले ठग्नु र दुःख दिनु सह्य र क्षम्य विषय नभएको बताए ।

'जग्गा दिने भनेर रकम बुझेको वर्षौं हुँदासम्म नदिनु अचम्मको विषय भयो, उहाँले कि भने अनुसारको जग्गा दिनुपर्छ कि पैसा दिनुपर्छ, यसरी दुःख दिन पाइदैन,' बरालले भने-'यस्तो कुराले दलित अगुवा र जनप्रतिनिधिकै बेइज्जत गराउँछ ।'

सुरज बरालले भने आफूले जग्गा दिएको, तर उनले नलिएको बताए । 'जग्गा दिएको छु, फिल्डमा जग्गा नभएको भए जवाफदेही हुन्छु ।'- बरालले भने । बुटवल ११ की जमुना सुनारले जग्गा किन्नका लागि देखाइदिएकी राधाले बताइन् । जग्गा किनबेचको कागजमा सुनार, सौगात बराल, दिलिप पुन, धनबहादुर कुँवर साक्षी छन् । जग्गा किनबेचके कागज गरेवापत राधाले टोल विकास संस्थालाई १३ हजार रुपैयाँ शुल्क तिरेको बताइन् ।




# सम्पादकीय

## नयाँ प्रहरी प्रमुखका चुनौती

नेपाल प्रहरीको प्रमुखमा प्रहरी अतिरिक्त महानिरीक्षकको बरियतामा एक नम्बरमा रहेका दानबहादुर कार्की नियुक्त भएका छन् । उनले बिहीबारबाट औपचारिक रूपमा संगठनको नेतृत्व सम्हाल्दै छन् ।

कार्की यस्तो बेला महानिरीक्षक भएका छन्, नेपाल प्रहरीको मनोबल इतिहासमै कमजोर भएको छ । भदौ २३ र २४ गतेको आन्दोलनमा प्रहरीको भूमिकालाई लिएर चौतर्फी प्रहरीप्रति आक्रमण भएको छ नै, अभिभावकीय र मार्गनिर्देशक भूमिकामा रहनुपर्ने सरकारको भूमिका नै प्रहरीप्रति सकारात्मक बन्न सकिरहेको छैन । तालुक गृहमन्त्रालयको कुर्सीमा बसेका मन्त्री ओमप्रकाश अर्याल कतिपय अवस्थामा गृहमन्त्रीको भूमिका, जिम्मेवारी र दायित्व नै बिर्सेर बोलिरहेका छन् । भदौ २३ गतेको गोली प्रहार गरी विद्यार्थीको हत्या गरेको आरोप प्रहरीले खेपिरहेको छ भने २४ गते सुरक्षा व्यवस्था मिलाउन नसकेको र आत्मसमर्पण गरेको आरोप लागेको छ । सबै दोषको जिम्मेवार प्रहरीलाई दिइएपछि चौतर्फी आक्रमणको निशानामा परेको प्रहरीको मनोबल खस्कनु स्वाभाविक नै हो । तर प्रहरीको खस्केको मनोबल उठाउनै पर्नेछ, महानिरीक्षक कार्कीले प्रहरी संगठनको खस्केको मनोबल उकास्न सरकारले गर्नुपर्ने कामबारे प्रधानमन्त्रीसहितलाई जिम्मेवारी सम्झाउनुपर्ने छ, समाजका विभिन्न निकाय र संस्थाहरुको भूमिका र सहकार्यले पार्ने प्रभावबारे जानकार कार्कीले तत्काल समुदायसँग सहकार्यको कार्यक्रम ल्याउन आवश्यक छ । प्रहरी समुदायका लागि हो, समुदायसँग दिनहुँजसो मिलेर काम गर्ने भएकाले समुदाय-प्रहरी सहकार्य बलियो नभई हुँदैन । भदौ २३ र २४ गतेको आन्दोलनमा आगजनी भएका काठमाडौंसहित विभिन्न ठाउँका प्रहरी कार्यालय भवन मर्मत र निर्माणमा समुदायको सहभागिताले गर्दा प्रहरीको लागि छिट्टै बास तयार भयो । प्रहरीको लागि मनोबल उकास्नको लागि यो काम महत्वपूर्ण थियो । अब समुदाय माझ सहकार्यलाई अभियानको रूपमा लैजानुपर्छ ।

महानिरीक्षक कार्कीको कार्यकाल २९ महिना लामो छ, यो उनका लागि राम्रो काम देखाउने अवसर हो । अरू महानिरीक्षक झैं औषत भएर निस्कने कि संगठनको छवि सुधार्नेदेखि केही नीतिगत र संरचनागत सुधार गरी आफूलाई अब्बल सावित गर्ने उनको परीक्षाको घडी हो । अहिलेसम्म उनको काम अब्बल रहेकाले धेरैले प्रहरीमा धेरै सुधार हुन्छ भन्ने अपेक्षा गरेका, तर राजनीतिक वातावरण त्यस अनुकुल बन्न कठिन रहेको छ । प्रहरीलाई अब साधनस्रोतमा पूर्ण बनाउनुपर्नेछ । सञ्चार उपकरणदेखि गाडी र पोशाकविहीन भएको प्रहरीलाई छिट्टै पूर्ण बनाएर फागुन २१ गतेको चुनावमा शान्ति सुरक्षा चुस्त बनाउनुपर्नेछ ।

जेनजी आन्दोलनबाट पाठ सिकेर प्रहरी अघि बढ्नुपर्छ । कार्कीको नेतृत्वसँगै दुर्गा प्रसाईं समूहले आन्दोलनको घोषणा गरेको छ । समाज अराजक बनिरहेको र प्रहरी साधनस्रोतविहीन बनिरहेको बेला यो चुनौतीको सामना गर्ने सामर्थ्य बढाउनुपर्ने छ । प्रहरी संगठन दबाब र प्रभावबाट थिलोथिलो भएको थियो, अहिले त्यसमा अभाव थपिएको छ । यी तिनै विषयबाट मुक्त गर्ने सामर्थ्य जुटाउन सक्दा कार्कीको कार्यकाल सम्झनलायक हुनेछ ।

# नागरिक सरकार, जनआशा र सुशासनको परीक्षा



सागर पण्डित

आफ्नो चरित्र पारदर्शी बनाउने अभियान सुरु गर्नुपर्छ । सम्पत्ति विवरण सार्वजनिक गर्न ढिलो गर्नु आफैँमा गलत सन्देश हो । मन्त्रीहरूले कामको शैली बदलेर, परिणाम देखाइ इमानदारीको उदाहरण प्रस्तुत गरेर मात्र जनताको मन जित्न सक्छन् । सुशासन भनेको भाषणको कुरा होइन । यो अभ्यासको प्रश्न हो । त्यसैले अब हरेक मन्त्रीले आम जनताको भावनालाई केन्द्रबिन्दुमा राखेर सोहीअनुसार अहोरात्र काममा खटिनु पर्छ । छोटो समयमा नै परिणाम निकाल्न सक्नुपर्छ ।

जेनजी आन्दोलनको राप र तापपछि बनेको नागरिक सरकारप्रति जनतामा ठूलो अपेक्षा छ । २१ फागुनमा निर्वाचन गराउनु यसको प्रमुख कर्तव्य भइहाल्यो । त्यसैले निर्वाचनको लागि आवश्यक तयारी र माहौल बनाउन यो सरकार दत्तचित्त भएर लाग्नुपर्छ । निर्वाचनको लागि सबैभन्दा पहिलो काम मुलुकको शान्ति सुरक्षा र अमनचयनलाई सुदृढ बनाउनु हो । नागरिकलाई मुलुक पूर्ण सुरक्षित रहेको अनुभूति गराउन सक्नुपर्छ । त्यसैगरी राजनीतिक दललाई उपयुक्त वातावरण दिन सक्नुपर्छ । सानो तिनो प्रयास र फितलो तयारीले मात्रै निर्वाचन हुन सक्दैन । त्यसका लागि सरकार र निर्वाचन आयोगको अहोरात्र खटाई अत्यावश्यक छ ।

वर्तमान नागरिक सरकारको अन्य मुख्य काम भनेको मुलुकमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नु, नागरिकले पाउनु पर्ने सेवा प्रवाह प्रभावकारी बनाउनु, विकास निर्माणका कार्यलाई द्रुत गतिमा अघि बढाउनु, जनताका गास, बास, कपास, स्वास्थ्य, शिक्षा र बेरोजगारीसम्बन्धी समस्या समाधान गर्दै अघि बढ्नु र यसका लागि व्यवस्थित प्रणाली बसालिदिनु सरकारको मुख्य कर्तव्य र दायित्व हो ।

जेनजी आन्दोलनको मर्म देश पुरानो ढर्राबाट होइन, नयाँ सोंच र अभ्यासबाट चल्नेछ । तर दुई महिनाको सरकारको चालचलनले नागरिकको त्यो उत्साह क्रमशः मन्द हुँदै गएको अनुभूति हुन थालेको छ । सरकारले कुनै नयाँपन दिन सकेको छैन । चारैतिरका बग्रेल्ती विकृति रोकिन सकेको छैन । सरकार अझै दिशा खोज्दैछ जस्तो देखिन्छ । मन्त्रीहरू जनताको सेवकभन्दा बढी सरकारी जागिरे जस्ता देखिन थालेका छन् । मन्त्रिपरिषद्भित्र नेतृत्वको स्पष्टता छैन, न त परिणाममुखी कार्ययोजना नै । नागरिकले सरकारी कार्यालयमा पुग्दा अझै पुरानै ढर्राको ढिलो सेवा र हाकिमको घमण्ड झेल्नुपरेको छ ।

'राइट म्यान इन राइट प्लेस' भन्ने शासन सिद्धान्त कागजमै सीमित छ । संवेदनशील निकायमा योग्य, इमानदार र जनमुखी व्यक्तिलाई जिम्मेवारी दिनुको सट्टा, उही पुरानै व्यक्तिहरू परम्परागत किसिमले नै चलिरहेका छन् । बजारमा महँगी नियन्त्रण हुन सकेको छैन । सरकारी अनुगमन संयन्त्र उस्तै फितलो छ । नागरिकको जनजीवन उस्तै कठिन किसिमले चलिरहेको छ । आमजनताले नागरिक सरकार भएको प्रत्यक्ष अनुभूति गर्न सकिरहेका छैनन् ।

शिक्षा र स्वास्थ्य क्षेत्र विगतका सरकारले बिगारेकै हुन् । तर वर्तमान सरकारले सुधारको दिशा लिन ढिलाइ गरिरहेको छ । यी दुई क्षेत्रमा नीति, संरचना र शुद्ध व्यवस्थापनका पहल नगरेसम्म सुशासनको कुनै पनि नारा खोक्रो बन्न जान्छ ।

त्यसैले अहिले नै विद्यालय र अस्पताल प्रणालीमा कडाइ र पारदर्शिता ल्याउने साहसिक कदम जरुरी छ । यथार्थ के हो भने-नागरिक सरकारसँग अझै समय छ । तर त्यो समय सीमित छ ।

यदि आगामी केही महिनाभित्र यसले प्रशासनलाई गतिशील बनाउन सकेन, भ्रष्टाचारका ठूला काण्डमा निष्पक्ष छानबिनको प्रक्रिया अघि बढाउन सकेन र जनतामा आशाको ज्योति जगाउन असफल रह्यो भने त्यसको लाभ फेरि विगतका दलहरूले नै उठाउनेछन् । अबको समय 'कसरी बहाना बनाउने' होइन, 'कसरी परिणाम देखाउने' हो । जेनजीको आन्दोलनबाट बनेको सरकारले जेनजीको मर्म बुझेन भने आन्दोलनको ऊर्जा व्यर्थ हुनेछ । त्यसैले अब सरकार प्रणाली सुधारमा अग्रसर हुनैपर्छ । सेवामा समर्पित हुँदै आगामी निर्वाचनसम्म नागरिकको मनमा फेरि विश्वासको उज्यालो जगाउन सक्नुपर्छ । यही हो अहिलेको नागरिक सरकार प्रतिको ठूलो परीक्षा ।

जेनजी आन्दोलनको आँधीबेरीपछि बनेको यो नागरिक सरकार केवल सत्ता सञ्चालनको औपचारिकता पूरा गर्न बनेको होइन । यो सरकारले विगतका सरकारबाट सिकेका गल्ती सुधार्दै नागरिकको मन जित्ने अवसर पाएको छ । आन्दोलनले जनतामा एउटा ठूलो आशा र अपेक्षाको जरो रोपेको छ । अब सरकार इमानदार, पारदर्शी र परिणाममुखी हुनुपर्छ । तर विडम्बना के छ भने, दुई महिना नपुग्दै यस सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले जनतामाझ निराशा फैलाउने संकेत दिन थालेका छन् ।

जेनज आन्दोलनको मुख्य मागको रूपमा रहेको सुशासन र इमानदारीको झण्डा फहराउँदै सत्तामा पुगेका यी मन्त्रीहरूले विगतका शासकजस्तै मौनता र ढिलासुस्तीको अभ्यास गर्न थाले भने नागरिकले तीव्र असन्तोष प्रकट गर्न ढिला गर्ने छैनन् । यो सरकारलाई झारा टार्ने, जिम्मेवारी टार्ने वा पदको शोभा बढाउने मात्रै छुट छैन । जेनजी आन्दोलनको सार नै थियो ।

शासन प्रणालीमा शुद्धता, नीति-नियमको पालना र जनताको विश्वास पुनःस्थापना जेनजीको आन्दोलनको माग हो । त्यसैले यो सरकार प्रत्येक कदममा सचेत, जिम्मेवार र संवेदनशील हुनैपर्छ । सबैभन्दा दुःखद् पक्ष भनेको–प्रधानमन्त्री र मन्त्रीहरूले आजसम्म आफ्ना सम्पत्ति विवरण सार्वजनिक गर्न सकेका छैनन् । जसले सुशासन र पारदर्शिताको मर्ममै चोट पुऱ्याएको छ । विगतका सरकारहरूमा जस्तै, सम्पत्ति लुकाउने, स्वार्थका आधारमा निर्णय गर्ने वा जवाफदेहिताबाट भाग्ने प्रवृत्ति यहाँ पनि देखा पऱ्यो भने यो सरकार पनि 'अनैतिकताको निरन्तरता' मात्र सावित हुनेछ । नागरिक सरकारले रोलमोडल बन्ने अवसर गुमाउनेछ ।

सम्पत्ति विवरण सार्वजनिक गर्नु केवल कानुनी प्रक्रिया होइन, यो नै सरकारको नैतिक चरित्रको पहिलो परीक्षा हो । यदि मन्त्रीहरूले नै आफ्नो सम्पत्ति जनतासामु खुलाउन हिच्किचाउँछन् भने, उनीहरू भ्रष्टाचारविरुद्ध कसरी बोल्ने ? सुशासनका भाषणले मात्र अर्थ राख्दैन । जब आचरण त्यसको उल्टो देखिन्छ । पारदर्शिता भनेको जनताको विश्वास जित्ने पहिलो ढोका हो । त्यो ढोका बन्द गरियो भने सरकार र जनताबिचको दूरी तीव्र रूपमा बढ्छ । सरकारप्रति आम जनताको आशा र भरोसा हराउँछ ।

प्रधानमन्त्री र मन्त्रीहरूले जनताको हृदयमा ठाउँ बनाउन चाहन्छन् भने, उनीहरूले व्यवहारमै फरक देखाउनुपर्छ । कार्यशैली परिणाममुखी हुनुपर्छ । अहिलेका केही मन्त्रीहरू प्रचार र गफगाफमै सीमित छन्, जबकि केही त कामको सवालमा लगभग अदृश्य छन् । जनतालाई प्रभाव पार्ने कुनै ठोस काम, निर्णय वा सुधार देखिएको छैन । यसले सरकार कमजोर, निष्क्रिय र दिशाहीन भएको संकेत दिन थालेको छ ।

यो सरकारको पहिलो र मुख्य दायित्व निर्वाचन सम्पन्न गराउनु रहेकाले सो कार्य सफल हुन नागरिकको विश्वास अत्यावश्यक छ । तर यदि सरकार नै ढिलो, अलमल र अविश्वसनीय बन्दै गयो भने, निर्वाचन प्रक्रियामाथि नै प्रश्न उठ्नेछ । वैधानिकताको संकट उत्पन्न हुन सक्छ । त्यो स्थितिले मुलुक फेरि अस्थिरताको बाटोमा धकेलिन सक्छ । यसैले प्रधानमन्त्रीदेखि प्रत्येक मन्त्रीसम्मले बुझ्नुपर्छ । यो सरकार पुराना जस्तै हैसियत र छुट भएको सरकार होइन । नागरिकले हरेक कदममा निगरानी गरिरहेका छन् । जनताको आँखाबाट लुक्ने ठाउँ अब छैन । आचरणले मात्र विश्वास कमाइन्छ, गफगाफले होइन । कुनै प्रकारको आग्रह पूर्वाग्रहमा यो सरकार अल्झिनु हुँदैन ।

जेनजी आन्दोलनका क्रममा २४ भदौमा घुसपैठियाले मच्चाएको विध्वंसका कारण मुलुकले अकल्पनीय क्षति भोग्नु परेको छ । यो विध्वंसमा संलग्न भएकाको हर्कतका कारण प्रहरी, निजामती सेवा, न्याय क्षेत्रको मात्रै नभएर आम जनताको पनि मनोबल खस्किने अवस्थामा नै छ । सरकारले आम कर्मचारी र प्रहरीको मनोबल बढाउन पनि आवश्यक कार्यक्रम ल्याउन ढिलाइ गर्नुहुँदैन ।

नागरिक सरकारले यदि जनताको मन जित्न चाहन्छ भने, यसले तुरुन्तै आफ्नो चरित्र पारदर्शी बनाउने अभियान सुरु गर्नुपर्छ । सम्पत्ति विवरण सार्वजनिक गर्न ढिलो गर्नु आफैँमा गलत सन्देश हो । मन्त्रीहरूले कामको शैली बदलेर, परिणाम देखाइ इमानदारीको उदाहरण प्रस्तुत गरेर मात्र जनताको मन जित्न सक्छन् । सुशासन भनेको भाषणको कुरा होइन । यो अभ्यासको प्रश्न हो । त्यसैले अब हरेक मन्त्रीले आम जनताको भावनालाई केन्द्रबिन्दुमा राखेर सोहीअनुसार अहोरात्र काममा खटिनु पर्छ । छोटो समयमा नै परिणाम निकाल्न सक्नुपर्छ ।

समाचारपत्रबाट

# नेपालमा नर्सिङः चुनौती र सुधारको बाटो

अर्चना बगाले



नेपालको स्वास्थ्य प्रणालीको मेरुदण्ड नर्सिङ हो । देशभरिका नर्सहरू आफ्नो जीवन समर्पित गर्दै बिरामीको हेरचाह गर्छन् । उनीहरूको मेहनत र समर्पण अतुलनीय छ । तर, अस्पताल र शिक्षण क्षेत्रमा देखिने कठिन कार्यसंस्कृति, कम तलब, वरिष्ठ-कनिष्ठ झगडा, मार्गदर्शनको कमी र ईर्ष्याले नर्सिङ पेशालाई चुनौतीपूर्ण बनाएको छ ।

यसले धेरै दक्ष नर्सहरूलाई विदेश जान प्रेरित गरेको छ, र यसले स्वास्थ्य सेवा प्रणालीमा दीर्घकालीन असर पारिरहेको छ ।

**अस्पतालमा कार्य संस्कृति**

धेरै अस्पतालमा वरिष्ठ-कनिष्ठ पदानुक्रम कडा छ । नयाँ नर्सलाई व्यवस्थित मेन्टरसिप र प्रशिक्षण कम पाइन्छ । पदोन्नति वा मान्यता प्रायः व्यक्तिगत सम्बन्ध र निष्ठामा भर पर्छ । यसले वरिष्ठ र कनिष्ठीबिच ईर्ष्या र मनोबल घटाउने व्यवहार उत्पन्न गर्छ ।

नर्सहरूले ठूलो जिम्मेवारी बहन गर्छन् (बिरामीको हेरचाह, आपतकालीन व्यवस्थापन, रिपोर्टिङ) तर तलब कम पाइन्छ ।

निजी अस्पतालमा तलब कम छ भने सरकारी अस्पतालमा स्थिरता भए पनि बढुवा सीमित छ । यस्तो वातावरणले नर्सहरूको कामको उत्साह घटाउँछ, सहकार्य कमजोर बनाउँछ, र दक्षता कम गर्छ ।

**एकेडेमिक नर्सिङमा चुनौतीहरू**

समस्याहरू केवल अस्पतालमा सीमित छैनन् । नर्सिङ शिक्षण क्षेत्रमा पनि वरिष्ठ-कनिष्ठ झगडा र ईर्ष्याको प्रभाव देखिन्छ । शिक्षक र ट्युटरहरूले एकेडेमिक वातावरणमा सहकार्यभन्दा हाइरराकीं र शक्ति प्रदर्शनमा बढी ध्यान दिन्छन् ।

- नयाँ शिक्षक वा ट्युटरले सही मेन्टरसिप नपाउँदा नयाँ विधि, अनुसन्धान र नवप्रवर्तन सिक्न कठिनाई हुन्छ ।
- आधुनिक शिक्षण पद्धति र अन्तर्राष्ट्रिय अभ्यासको पहुँच कम हुँदा शिक्षा गुणस्तर घट्छ ।
- ईर्ष्या र hierarchy ले शिक्षक र विद्यार्थी दुवैको काममा बाधा पुऱ्याउँछ ।

यसले केवल शिक्षकहरूको मात्र होइन, विद्यार्थीहरूको पनि भविष्य प्रभावित गर्छ ।

**ब्रेन ड्रेन र कारणहरू**

नर्सहरूले विदेश जानुको मुख्य कारण केवल कम तलब मात्र होइन ।

सम्मान र अवसरको कमी, अत्यधिक कामको दबाब, र विदेशमा उच्च मागले उनीहरूलाई आकर्षित गर्छ । यदि यो समस्या निरन्तर रह्यो भने नेपालमा अनुभवी नर्सको कमी हुनेछ, जसले स्वास्थ्य सेवा प्रणाली कमजोर बनाउँछ ।

**सुधारका उपायहरू**

**अस्पतालस्तरमाः**

- वरिष्ठ नर्सहरूले कनिष्ठ नर्सलाई मेन्टरसिप दिने ।
- कार्यस्थलमा सुरक्षा र दुर्व्यवहारविरुद्ध नीति लागू गर्ने ।
- कामको उचित मूल्याङ्कन र तलब/प्रोत्साहन ।
- हाइरार्की कम गरेर सहकार्य र टीमवर्क प्रोत्साहन गर्ने ।
- योग्यताअनुसार पुरस्कार र बढुवा ।

**शैक्षिक क्षेत्रमा**

- वरिष्ठ शिक्षकले कनिष्ठ शिक्षकलाई मेन्टरसिप दिने ।
- आधुनिक शिक्षण पद्धति, अनुसन्धान र नेतृत्व प्रशिक्षण ।
- खुला छलफल र नयाँ विचारलाई प्रोत्साहन ।
- अन्तर्राष्ट्रिय अनुभव र सहयोग ।

**ब्रेन ड्रेन रोक्ने उपायः**

- योग्यता अनुसार वा तलब र स्पष्ट बढुवा पथ ।
- निरन्तर शिक्षा र तालिम ।
- विदेश अनुभवपछि घर फर्केर नेतृत्व भूमिका ।
- सहयोगी पेशागत समुदाय र मेन्टरसिप ।

नेपालमा नर्सिङ अब परिवर्तनको मोडमा छ । अस्पताल र शिक्षण दुवै क्षेत्रमा सुधार आवश्यक छ । नर्सहरूले समर्पण र मेहनत देखाइरहेका छन्, तर उनीहरूलाई सम्मान, सुरक्षा र उचित तलब चाहिन्छ ।

यदि सुधार भयो भने नेपालले दक्ष, जिम्मेवार, र प्रेरित नर्सहरू तयार पार्न सक्छ । यसले स्वास्थ्य सेवा गुणस्तर सुधार्न मात्र नभई नर्सिङ पेशामा स्थायित्व र आत्मसन्तुष्टि पनि ल्याउँछ ।

स्वास्थ्य खबरबाट

# सेयर बजार २०.५६ अंकले घट्यो



काठमाडौं । बुधबार सेयर बजारको परिसूचक नेप्से २०.५६ अंक घटेको छ । सो गिरावटपछि नेप्से परिसूचक २५४४ अंकमा झरेको छ ।

कारोबार सुरु भएपछि अन्तिम समयसम्म नै बजार घटिरह्यो । बजार घट्दा कारोबार रकम सामान्य बढेको छ । अघिल्लो दिन ३ अर्ब ६२ करोडको कारोबार भएकोमा ३ अर्ब ८४ करोडको भयो ।

४९ कम्पनीको मूल्य बढ्दा १९८ को घट्यो भने ७ को स्थिर रह्यो । उत्पादन बाहेक सबै समूहका सूचक घटेका छन् । उत्पादन समूह ०.२३ प्रतिशत बढ्यो ।

त्यस्तै व्यापार समूह सबैभन्दा धेरै २.३५ प्रतिशत घट्यो । बैंकिङ ०.६७, विकास बैंक ०.३०, फाइनान्स ०.७९, होटल तथा पर्यटन ०.१८, हाइड्रोपावर ०.७०, लगानी ०.९९, जीवन बिमा ०.९९, माइक्रोफाइनान्स ०.६९, निर्जीवन बिमा ०.५४ र अन्य समूह १.३३ प्रतिशत घटे ।

चार कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । भूगोल इनर्जी, सागर डिस्टिलरी, बुंगल हाइड्रोपावर र बन्दीपुर केबुलकारको मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत मूल्य बढेका भूगोल इनर्जीबाहेक अरु तीन कम्पनी हालै सूचीकृत भएका नयाँ हुन् ।

अपर सोलु हाइड्रो इलेक्ट्रिकको ५.३१, नेपाल माइक्रोइन्स्योरेन्सको ३.७५ प्रतिशत मूल्य बढ्यो ।

दरामखोला हाइड्रो इनर्जीको मूल्य सबैभन्दा धेरै ८.७२ प्रतिशत घट्यो । माबिलुङ इनर्जीको ८.२१, मेरो माइक्रोफाइनान्सको ४.५७ प्रतिशत मूल्य घट्यो । आज धेरै कारोबार भएका पाँच कम्पनीमा एनआरएन इन्फ्रास्ट्रक्चर, राधि विद्युत्, साहस ऊर्जा, युनियन हाइड्रोपावर र शिवम् सिमेन्ट रहे ।

# कृषकलाई अनुदानमा गहुँको बिउ

स्याङ्जा । स्याङ्जाको एक कृषि सहकारीले कृषकलाई अनुदानमा गहुँको बिउ वितरण गरेको छ । वालिङ नगरपालिकामा रहेको अकला नमूना साना किसान कृषि सहकारी संस्थाले सहकारीमा आबद्ध कृषकलाई अनुदानमा गहुँको बिउ वितरण गरेको हो ।

सहकारीले समूहमा आबद्ध शेयर सदस्य कृषकलाई ७५ प्रतिशत अनुदानमा गहुँको बिउ दिएको छ । कृषि ज्ञानकेन्द्र स्याङ्जामार्फत् प्राप्त स्वर्गद्वारी र गौतम जातका गहुँको बिउ वितरण गरिएको सहकारीले जनाएको छ । सहकारीले बनाएको ३५५ समूहमा दुई हजार ५४५ जना सेयर सदस्य कृषक आबद्ध छन् ।

५ रोपनीभन्दा बढी क्षेत्रफलमा गहुँ खेती गर्ने कृषकलाई १८ किलोदेखि २५ किलोग्रामसम्म गहुँको बिउ वितरण गरेको सहकारीका प्रबन्धक लक्ष्मी पोखेलले जानकारी दिइन् । बजार मूल्य प्रतिकिलो ८५ रुपैयाँ पर्ने गहुँको बिउ ३० रुपैयाँ प्रतिकिलोका दरमा कृषकलाई वितरण गरिएको छ ।

वालिङ नगरपालिकाका १४ वटा वडा र गल्याङ नगरपालिका वडा नं.-२, ३, ७ र ८ कार्यक्षेत्र रहेको सहकारीले गहुँ, धान, मकै र मौसमी तरकारीका बिउबिजन वितरण गर्दै आएको छ । पहिलो चरणमा ७२ जना कृषकले गहुँको बिउ लगेको सहकारीले जनाएको छ ।

सहकारीले डेरी उद्योग समेत सञ्चालन गर्दै आएको छ । शेयर सदस्यले उत्पादन गरेको दूध तथा दुग्धजन्य पदार्थको बजारीकरण बिक्री वितरण गर्दै आएको सहकारीमार्फत् उत्पादित छुर्पि विदेश निर्यात हुँदै आएको छ ।

# लुम्बिनी बोर्डिङ्मा हस्तलेखन प्रशिक्षण सम्पन्न



बुटवल । बुटवल ३ चिडियाखोला सहस्रपथमा रहेको लुम्बिनी बोर्डिङ् स्कुलमा हस्तलेखन प्रशिक्षण सम्पन्न भएको छ ।

बाइट कटेक्स मिलनचोक, बुटवलको सहकार्यमा सञ्चालित उक्त हस्तलेखन प्रशिक्षणमा विद्यालयमा अध्ययनरत कक्षा २ देखि कक्षा १० सम्मका विद्यार्थीहरू सहभागी भएका थिए ।

मुख्य प्रशिक्षक ज्योति गैरेद्वारा आठ दिनसम्म सञ्चालित प्रशिक्षणमा नेपाली र अङ्ग्रेजी अक्षर शब्द र कसरी आकर्षक र राम्रो लेख्ने भन्ने तरिकाका बारेमा प्रशिक्षण प्रदान गरिएको थियो ।

**नयाँगाउँ...**

साथै साधारण सभामा प्रस्तुत हुने आर्थिकसहित अन्य प्रतिवेदन साधारणसभाको १५ दिन अगावै दिनुपर्नेमा नदिई साधारणसभाको दिन मात्रै दिने गरिएको उनले बताए ।

संस्थाले बँदेल पोखरीमा टंकी संरक्षणका लागि गरेको ढलान कार्यमा करिब दुई लाख रुपैयाँ आर्थिक अनियमितता र गुणस्तरहीन काम भएको प्राविधिकहरुले नै ठहर गरेको परिषद् सदस्य वामदेव भुसालले बताए ।

गुणस्तरहीन काम भएको परिषद् सदस्यहरुले थाहा पाएर आवाज उठाएपछि तीनपटकसम्म मर्मत गरिसकेको समेत भुसालले जनाए ।

संस्थामा आवश्यकताभन्दा बढी कर्मचारी नियुक्त गरेको, इन्धनलगायत विभिन्न शीर्षकका नाममा अपारदर्शी खर्च देखिएकाले २०६० सालदेखिको आम्दानी र खर्च छानबिन हुनुपर्ने आम उपभोक्ताको माग रहेको भुसालले बताए ।

आर्थिक वर्ष २०८१/८२ को साउनदेखि फागुनसम्म गरिएका आर्थिक निणर्यहरु अवैधानिक र कानुनविपरीत रहेको परिषद् सदस्य भुसालले बताए । ‘उपभोक्ताले आफूले तिरेको पैसा कहाँ कसरी खर्च भएको छ भन्ने जानकारी पाउनुपर्छ, तर त्यसलाई छल्न परिषद सदस्यलाई मात्रै राखेर साधारणसभा गरिएको छ, यो मान्य छैन,’ भुसालले भने-‘उपभोक्ताहरुको संस्थामा एमाले र कांग्रेसको सिण्डिकेट र भ्रष्टाचारको अखडा छ ।’

संस्थामा आर्थिक अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको उपभोक्ता सीता ढकालले बताइन् ।

अर्का परिषद् सदस्य प्रेम आचार्यले खानेपानीमा १२ जना कर्मचारी आवश्यक नै नभएको बताउँदै कार्यकर्ता र आफन्त भर्ती गर्न बिना प्रतिस्पर्धा आफू निकटका व्यक्ति राखिएको बताए ।

यस्तै संस्थामा नेपाली कांग्रेसका १२ जना र नेकपा एमालेका २ जना गरी १४ जना सल्लाहकार राखेर खानेपानी संस्थालाई राजनीतिक अखडा बनाइएको आचार्यले बताए । संस्थाका अध्यक्ष मिना घर्तीले भने संस्थामा आर्थिक अनियमितता नभएको र ४७ सय उपभोक्तालाई उपस्थित गराएर साधारणसभा गर्न कठीन र खर्चिलो हुने भएकाले परिषद् सदस्यहरु मात्रै राखेर गर्ने गरिएको बताइन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ**

## कम्पनीको दर्ता खारेजी गरिएको सूचना

दर्ता नं. २२१९४२ मा दर्ता भएको एन.के.सी. निर्माण सेवा तथा सप्लायर्स प्रा.लि.को कम्पनी दर्ता खारेजी गर्ने मागर सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका सहायक रजिष्ट्रार समक्ष गरिएको सनाखत समेतका पेश गरिएका कागजातहरु अनुसार रमिति २०८२/०७/१३ मा कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ (१) अनुसार उपरोक्त कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सवैको लागि सूचित गरिन्छ ।


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Palpa

# Invitation for Online Bids

**IFB No:- 02/RIDOPAL/082-83**

First date of publication: 13th November, 2025(27th Kartik, 2082)

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | EstimateAmount (excluding VAT & PS (NRs.) | Bid Security(NRs.) Upto 14th March 2026 |
|---|---|---|---|
| 1 | Upgrading Of Dhunganabesi Kyangrung Admara Jhirubash Khadar Dundanda Muralikhola Hupsekot Sadak(Contract ID : RIDO-PAL-W-NCB-21-2082/083 ) | 19,11,957.44 | 52,000.00 |
| 2 | Upgrading of BeldandaTudikhel Galdafat Pataksar Sadak & ArchaleSishaghat Galdafat Sadak (Contract ID : RIDO-PAL-W-NCB-22-2082/083 ) | 27,32,627.85 | 74,000.00 |
| 3 | Upgrading of Debinagar Balipokhara Raghubhangyang Sadak, Purbakhola 4 Palpa & Sidhre Kabhre Road, Purbakhola 3 Palpa(Contract ID : RIDO-PAL-W-NCB-23-2082/083 ) | 20,50,132.17 | 55,000.00 |
| 4 | Upgrading Of Milanchowk Dekhi Swasthya Chauki SammaMo.Ba, Bagnaskali 7 Palpa & Sallaghari Bajadi Mo.Ba, Bagnaskali 9 Palpa & Pipal pokhara Dekhi Lahure Khanda Hudai Dibindanda Jane Motorbato Nirman,Bagnaskali 9 Palpa (Contract ID : RIDO-PAL-W-NCB-24-2082/083 ) | 37,42,248.18 | 1,00,000.00 |
| 5 | Upgrading Of Corridor Dekhi Jamdar Tole Mo.Ba, Bagnaskali 7 Palpa & Dhaireni Dekhi Koldanda Jane Ghumti Hudai Biruwadanda Mo.Ba, Bagnaskali-7 Palpa & Deurali Dekhi Ward 8 ko wardkaryalaya Ghimiredanda Sadak, Palpa(Contract ID : RIDO-PAL-W-NCB-25-2082/083 ) | 37,46,161.83 | 1,00,000.00 |
| 6 | Upgrading Of Maulibhanjyang Tekere Dangsinga Mathillo Koldanda Tallo Koldanda Mo.Ba,Bagnaskali 5, 6 Palpa & Bhalebas Mo.Ba, Bagnaskali 4, Palpa(Contract ID : RIDO-PAL-W-NCB-26-2082/083 ) | 20,41,767.4 | 55,000.00 |
| 7 | Upgrading Of Damkada Gothuwa Tinpiple road & Batasedanda Baughapokharathok Baugha-ghumba Chherlung road & Tinlakure Bajha Rajubas Road Palpa (Contract ID : RIDO-PAL-W-NCB-27-2082/083 ) | 5,086,457.13 | 1,40,000.00 |
| 8 | Upgrading of Prabhas Gadsal Surungtung Aamdanda Badarbot Setipokhari road & Brindawandekhi Syanjaligairahudai Bharkes Malpokhari road Palpa(Contract ID : RIDO-PAL-W-NCB-28-2082/083 ) | 2,380,642.55 | 65,000.00 |
| 9 | Upgrading of Ghartikhola Khetkhola road & Godebas Maharbas Marek road Tinau -02,Palpa (Contract ID : RIDO-PAL-W-NCB-29-2082/083 ) | 6,085,471.44 | 1,65,000.00 |
| 10 | Upgrading Of Harthok-Tingire Road (Chhahara-Tingire Road Section)(Contract ID : RIDO-PAL-W-NCB-30-2082/083 ) | 5,116,209.63 | 1,40,000.00 |
| 11 | Upgrading of Dumaripata-Damrai-Deurali Motor Bato, Rainadebi Chhahara-01, Palpa & Sardewa-Tallo Bagaicha Dekhi Bhagwati Ma. Vi. Ko Mo. Ba. Rainadebi Chhahara-02 & Nimadi- Khal-Sardewa Mo.Ba. Rainadebi Chhahara Ga.Pa.-02, Palpa& DhajabanneTansingal Mo.Ba. Dekhi Panthatol, Larkhini Hundai Musipata Samm Wall Nirman Tatha Bato(Contract ID : RIDO-PAL-W-NCB-31-2082/083 ) | 3,400,829.38 | 95,000.00 |
| 12 | Upgrading of RatamataDekhi Model School HundaiGhatkholaBato, Rainadebi Chhahara-04 & Amalabas DekhiTilakthan Jane Bato ( Okharpata), Rainadebi Chhahara-04(Contract ID : RIDO-PAL-W-NCB-32-2082/083 ) | 2041718.70 | 57,000.00 |
| 13 | Upgrading of Pokharada Birauta Mainadi Krishi Sadak Rainadebi Chhahara-05, Palpa& Basdanda Bagaicha Mo.Ba. Rainadebi Chhahara-05 & Wada Bhawan Bansdanda-Bhaisikhola- Chheuphan-Sardewa Mo. Ba. Rainadebi Chhahara-05, Palpa(Contract ID : RIDO-PAL-W-NCB-33-2082/083 ) | 2722560.45 | 76,000.00 |
| 14 | Upgrading Of Bismure-Ijardada-Dhustung Gramin Sadak Ribdikot-06,Palpa & JyamireHaryali Khursani Dhustung Ribdikot Jaleshwor Hudai Batase Sadak Nirman Ribdikot-5,6,7 (Contract ID : RIDO-PAL-W-NCB-34-2082/083 ) | 27,26,506.26 | 73,000.00 |
| 15 | Upgrading of Dumre Chakaldi Kusumkhola Pakhasili Sardewa Satsure Sadak & Deurali Saitola Pokharadada Mo.Ba. Ribdikot-05,Palpa & Ribdikot Ga.Pa. Palpa, Kusumkhola-Mainadi- Mujhung-Amalabas Motorbato(Contract ID : RIDO-PAL-W-NCB-35-2082/083 ) | 44,35,342.25 | 1,19,000.00 |
| 16 | Upgrading Of Pashchim Batase Bazar Pitch Nirman Ribdikot Ga. Pa.-07, Palpa (Contract ID : RIDO-PAL-W-NCB-36-2082/083 ) | 40,84,148.80 | 1,10,000.00 |

Office Chief

# Tilottama Municipality
## Office of Municipal Executive
**Kunjalapur, Manigram,Rupandehi**

# Invitation for Only Electronic Bids

Date of Publication: 2082/07/27

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

| S. N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | Kailash Path Staronnati, Tilottama-05, Rupandehi | NCB/TM/W/16/082/83 | 8815536 | 3000 | 200000 | 31st day for NCB and 16th day for SQ & Re-Bidding from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive,<br>Account Details.<br>NIC Asia Bank, Manigram, Rupandehi<br>Rajaswa (Revenue) Khata no:- 1052055499599012,<br>Dharauti Khata no:- A5CA 549959952403<br>Office Code :- 801054802 Manigram, Rupandehi |
| 2 | Jiwan Cycle Dekhi Dakshin Suspura jane Bato staronnati, Tilottama-08, Rupandehi | NCB/TM/W/17/082/83 | 8816098 | 3000 | 200000 | | |
| 3 | Semari Boring Dekhi uttar tarpha sadak Nirman Yojana, Tilottama-13, Rupandehi | NCB/TM/W/18/082/83 | 8807664 | 3000 | 200000 | | |
| 4 | Supauli Durnaganar tatha Rehara Healthpost sadak Yojana, Tilottama-14,Rupandehi | NCB/TM/W/19/082/83 | 8807658 | 3000 | 200000 | | |
| 5 | Ward karyalay, Aadhurbhut swasthya Chaukima Bibhinna Purwadhar Nirman Karya, Tilotama-03, Rupandehi | NCB/TM/W/20/082/83 | 2084216 | 3000 | 50000 | | |
| 6 | Bhaktabahadurko Ghar dekhi Bhata Hudai ward 12 Ko simana samma bato Kalopatre Yojana, Tilottama-10, Rupandehi | NCB/TM/W/21/082/83 | 8813603 | 3000 | 200000 | | |
| 7 | Supply and Delivery of Bus | NCB/TM/G/05/082/83 | 4700000 | 3000 | 110000 | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# लुम्बिनी महोत्सव सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता



भैरहवा। रूपन्देहीको भैरहवामा सञ्चालन हुने सातौं लुम्बिनी महोत्सव-२०८२ (उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्धन) लाई सफल बनाउन साथ र सहयोग रहने शैक्षिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरुले प्रतिबद्धता व्यक्त गरेका छन्।

चेम्बर अफ कमर्स, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) को आयोजनामा आगामी मंसिर ३ देखि २१ गतेसम्म सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा हुने महोत्सवलाई सफल पार्न आयोजकलाई साथ र सहयोग रहने प्रतिबद्धता जनाएका हुन्।

आयोजकले भैरहवामा आयोजना गरेको शैक्षिक संस्थाका प्रमुख एवं प्रतिनिधिहरुसँगको बैठक तथा छलफल कार्यक्रममा उनीहरुले महोत्सवलाई सफल बनाउन सबैको साझा जिम्मेवारी रहेको बताएका हुन्।

कार्यक्रममा भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक मोतीलाल सुवेदीले महोत्सव उद्घाटन अघि निकालिने यालीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

रुपन्देही क्याम्पसको क्याम्पस प्रमुख मञ्जु खनालले मेला सफल पार्नु सबैको साझा जिम्मेवारी भएको बताइन्। उनले महोत्सवमा हुने खेलकुद प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी गराउनुपर्नेमा जोड दिइन्।

प्याब्सन सिद्धार्थनगरका अध्यक्ष उदयकुमार मल्लिकले महोत्सवमा शैक्षिक प्रदर्शनी राख्नुपर्ने बताए। उनले यहाँका विद्यालय र विद्यार्थीहरुको उपलब्धिबारे प्रदर्शन गर्न सकिने जनाए।

काशी नोबल एकेडेमीका प्राचार्य राजेन्द्र घिमिरेले महोत्सवमा धेरैभन्दा धेरै दर्शक जाने वातावरण बनाउनुपर्नेमा जोड दिए।

सामूहिक विद्यालय परिवार, रुपन्देहीका अध्यक्ष समसाद इद्रिसीले खेलकुद, चित्रकला, लोक नृत्य प्रतियोगिता, नेपाली भेषभुषाको प्रदर्शनीबारे ध्यान दिन आयोजकलाई आग्रह गरे। उनले नृत्य प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी गराउन आग्रह गरे। विद्यार्थीहरुलाई महोत्सव अवलोकनका लागि प्रेरित गरिने उनको भनाइ छ।

मोन्टेश्वरी मेमोरियल स्कूलका प्रिन्सिपल प्राचार्य धर्मेन्द्रकुमार मिश्रले ऱ्यालीलाई व्यवस्थित गर्नुपर्ने बताए। उनले ऱ्यालीमा सहभागी हुने विद्यार्थी संख्या तोक्न आग्रह गरे।

बृहस्पति माविका प्रिन्सिपल गोमा आचार्यले महोत्सवमा विद्यार्थीलाई आफ्नो प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गर्न आग्रह गरे।

रुपन्देही लीलाराम न्यौपाने माविका प्राचार्य रुपकुमार रायमाझीले ऱ्यालीमा यहाँका शैक्षिक संस्थाको बारेमा महोत्सवमा जानकारी दिने गरी अघि बढ्नुपर्नेमा जोड दिए।

भैरहवा नमूना माविका प्राचार्य बासुदेव पौडेलले स्थानीय कला, संस्कृतिको प्रवर्धन गर्ने खालका कार्यक्रम महोत्सवमा सञ्चालन गर्नुपर्ने बताए। उनले महोत्सवको अवलोकन गर्न विद्यार्थीहरुलाई पठाइने जनाए।

ब्राईट स्टार ईङ्लिस बोर्डिङ स्कूलका प्रिन्सिपल एल.बी. रौतारले महोत्सव सफल पार्नका लागि सहयोग गर्न तयार रहेको बताए।

साई ग्लोबल माविका प्राचार्य लक्ष्मण ज्ञवालीले यालीको दुरी कम गर्न आग्रह गरे।

चेम्बर अफ कमर्स, रुपन्देहीका अध्यक्ष सचिन रोक्काले महोत्सवमा 'शैक्षिक प्याभेलिएन' राखिने बताए। 'टिकट काटेर महोत्सवस्थलमा प्रवेश गरिसकेपछि टिकटदर सस्तो नै छ भन्ने अनुभूति हुनेछ।'-उनले भने।

संस्थाका निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठले आफूहरुले शिक्षा क्षेत्रलाई महोत्सव दिएको बताए। उनले विगतमा भएका कमीकमजोरीलाई सच्याउँदै अघि बढ्नुपर्ने औंल्याए।

चेम्बर अफ कमर्स, रुपन्देहीका सल्लाहकार तथा महोत्सवका ऱ्याली संयोजक टीकाराम भट्टराईले महोत्सवमार्फत् विद्यार्थीले धेरै कुरा सिक्न पाउने बताए।

संस्थाका सचिव कृष्णप्रसाद पाण्डेको सञ्चालनमा भएको कार्यक्रममा जेसीज किण्डर गार्डेन स्कूलका प्रिन्सिपल हिरा गुरुङ, मोर्डन पब्लिक स्कूलका मुकेश यादवलगायतले बोलेका थिए।

# कोदो खेतीतर्फ कृषकको आकर्षण बढ्यो



**प्रकाश डोटेल**
*स्याङ्जा*

बेमौसमी वर्षाबाट पीडित बनेका स्याङ्जाका कृषकहरू कोदो भित्र्याउन व्यस्त छन्। एक हप्तासम्म निरन्तर परेको वर्षा रोकिएर पछिल्लो हप्ता मौसम खुलेपछि ग्रामीण भेगका कृषकहरु कोदो (बाला) टिप्न, ठटाउन (चुट्न) र सुरक्षित बनाएर घर भित्र्याउन ब्यस्त भएका हुन्।

जिल्लाको मुख्य अन्नबालीका रुपमा लिइएको कोदो खेती गर्ने कृषकको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। पछिल्लो समय कोदोको माग बढेसँगै कृषकहरु कोदो खेतीमा आकर्षित समेत भएका छन्। सिँचाइको अभाब भएका जग्गामा कोदो खेती हुँदै आएको छ भने बाँझो छोडिएका अधिकांश सुख्खा खेतबारीमा समेत कोदोको खेती लगाउने गरेको स्थानीय कृषकले बताए।

कोदो खेती गर्नेको संख्या बढ्नुका साथै उत्पादन राम्रो भएको जिल्लाका कृषकले बताएका छन्। गत वर्ष जिल्लामा ५ हजार ५८३ हेक्टर क्षेत्रफलमा झण्डै ८ हजार मेट्रिकटन कोदो उत्पादन भएको जिल्ला कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ। जिल्लामा कोदो खेती गर्ने क्षेत्रफलसँगै कृषकको संख्या दुबैमा वृद्धि भएपछि कोदो उत्पादनमा ५ प्रतिशतभन्दा बढी वृद्धि हुने केन्द्रका सूचना अधिकारी कृषि अधिकृत विकास वि.क.ले बताए।

समयानुकूल प्रविधिको प्रयोग, समयमै वर्षा भएकाले कोदो खेतीलाई फाइदा पुगेको अधिकृत वि.क.को भनाइ छ। कोदो खेती प्रवर्धन र उत्पादन वृद्धि गर्ने योजनामा जिल्लाका अधिकांश पालिकाले कृषकलाई प्रत्यक्ष सहयोग गर्दै आएका छन्। पालिकाले प्रविधि सहयोगसँगै उन्नत र रैथाने जातका बीउ वितरण गर्दै आएका छन्। वालिङ नगरपालिकास्थित वालिङ प्रोडोक्ट होल्डिङ्ग बहुउद्देश्यीय सहकारी संस्थाले कोदो खेती, उत्पादन संरक्षण र बजारीकरणको लागि काम गर्दै आएको अध्यक्ष याम गुरुङले जानकारी दिए। 'परम्परागत रुपमा गरिँदै आएको कोदो खेतीको संरक्षण र बजारीकरणमा हामीले काम गर्दै आएको छौं,' अध्यक्ष गुरुङले भने-'स्थानीय कृषकसँग हातेमालो गर्दै संस्थाले बिउ संरक्षणको भूमिका निर्वाह गरेको छ। कोदो खेतीका लागि उर्वर मानिएका पालिकाहरुमा पकेट क्षेत्र बनाएर काम गर्दै आएका छौं।'

परम्परागत बालीलाई आधुनिक प्रविधिसँग जोड्दै आत्मनिर्भर कृषि प्रणालीतर्फ कृषकहरुलाई अग्रसर गराउन सके स्याङ्जाका कृषकले कोदो खेतीबाट राम्रो आम्दानी लिन सक्नेमा स्थानीय कृषक विश्वस्त छन्। कोदो खेतीलाई प्रवर्धन गर्न फेदीखोला गाउँपालिकाले विद्यालयदेखि सरकारी कार्यालयसम्म दिवा खाजाको रुपमा कोदोको परिकार अनिवार्य गरेको छ।

पालिकाले हप्ताको दुई दिन विद्यालय पोषण कार्यक्रमअन्तर्गत् कोदो दिवा खाजा अनिवार्य गर्दै स्थानीय संस्थाहरूमा कोदाको परिकारलाई प्राथमिकता दिने र प्रयोग गर्ने नीति बनाएको छ। स्थानीय उत्पादनको प्रवर्धन, विद्यार्थीहरूको पोषण सुधार, कृषकहरूको आम्दानी अभिवृद्धि तथा सामुदायिक स्वाभिमानमा टेवा पुऱ्याउने योजना बनाएर कोदो प्रवर्धन कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले जनाए।

गाउँपालिकाअन्र्तगतका विद्यालय र सरकारी निकायमा हप्तामा कम्तीमा दुई दिन कोदोबाट बनेका परिकारहरू ढिँडो, मम, तावा रोटी, पुवा, सेलरोटी कोदोको चिउरा र हलुवा अनिवार्य दिवा खाजाका रूपमा उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष सुवेदीले बताए। २०८२ साउनमा पहिलो पटक कोदो दिवस नै मनाएपछि कोदो उत्पादक कृषकहरु उत्साहित भएको सुबेदीले सुनाए।

# बालबालिकाको पठन पाठनलाई गुणस्तरीय बनाउँदै गाउँपालिका



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा रिब्दीकोट गाउँपालिकाले विद्यालयमा अध्ययनरत बालबालिकाको प्रतिभा पहिचान गर्ने उद्देश्यसहित पालिकाभित्रका विद्यालयमा आधारित 'पालिकास्तरीय प्रतिभा पहिचान' अभियान गरेको छ। यसले विद्यार्थीलाई पाठ्यपुस्तकसँगै बाह्य विषयमा पनि चासो बढाउन प्रेरित गरेको छ।

हरेक बालबालिकाको प्रतिभा पहिचान विद्यालयस्तरबाटै हुने गरेको छ। विद्यालयमा फरक-फरक क्षमता भएका बालबालिकाहरुको प्रतिभा बाहिर ल्याउन गाउँपालिकाले नीति कार्यक्रम र बजेटमार्फत् अभियान सुरु गरेको हो। पालिकास्तरीय प्रतिभा पहिचान कार्यक्रममा गाउँपालिकाका विद्यालयहरुबाट तीन तहका प्रतियोगिताहरु सञ्चालन भएका छन्। रिब्दीकोट गाउँपालिका शिक्षा शाखाले कक्षा १ देखि ५ सम्मका बालबालिकाहरु बिच चित्रकला प्रतियोगिता, कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुबिच हाजिरी जवाफ प्रतियोगिता, र कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुबिच वादविवाद प्रतियोगिता प्रतिभा पहिचान गरेको छ।

हाजिरी जवाफ प्रतियोगितामा गाउँपालिकाभित्रका १९ वटा आधारभूत विद्यालयका कक्षा ६ देखि ८ सम्मका ५७ जना विद्यार्थीले प्रत्यक्ष सहभागिता जनाए। प्रतियोगितामा ६० प्रतिशत प्रश्न कक्षागत पाठ्यपुस्तकमा आधारित र ४० प्रतिशत समसामयिक सामान्य ज्ञानसम्बन्धी थिए। प्रतियोगितामा कालीका आधारभूत विद्यालय वडा नं. १, जोगिथुम प्रथम, भैरव मेमोरियल बोर्डिङ् स्कुल वडा नं. ४ द्वितीय र आदर्श माध्यमिक विद्यालय वडा नं. २, देउराली तृतीय भए। यस्ता प्रतिभा पहिचान कार्यक्रमले बालबालिकाको पठन पाठनमा सुधार भएको, विद्यार्थीहरुलाई सक्रिय बनाएको, विद्यालयलाई समेत जागरुप बनाएको कालीका आधारभूत विद्यालय जोगिथुमका शिक्षक नारायण कुमालले बताए।

गाउँपालिकाले प्रत्येक शुक्रबार विद्यालयमा पठन पाठन गरी अतिरिक्त क्रियाकलापमार्फत् प्रतिभा पहिचान गर्ने नीति बनाएको छ। अतिरिक्ति क्रियाकलापमार्फत् प्रतिभा पहिचान नीति कार्यान्वयन गर्न पालिकाबाट निरन्तर अनुगमन बढाएको छ। बालबालिकाहरुलाई पठन-पाठनप्रति रुचि बढाउने, सिर्जनात्मक क्षमता विकास गर्ने र विविध प्रतिभाहरुलाई उजागर गर्न प्रतिभा पहिचान कार्यक्रम गरेको शिक्षा शाखा प्रमुख टिकाराम आचार्यले जनाए।

वादविवाद प्रतियोगिता "सामाजिक सञ्जाल : वरदान कि अभिशाप" विषयमा विद्यार्थीहरुले गरेको तर्क विर्तकले विद्यार्थीको जागरुपतालाई बढाएको छ। विद्यार्थीहरुले विषयको पक्ष र विपक्षमा तर्क-वितर्क प्रस्तुत गर्दै सामाजिक सञ्जालका सकारात्मक र नकारात्मक दुवै पक्षबारे जानकारी पाएका छन्। यसले उनीहरुमा विचार अभिव्यक्तिको क्षमता र विश्लेषणात्मक सोंच विकास गर्न सहयोग पुऱ्याएको छ। वादविवाद प्रतियोगितामा आर्दश मावि देउराली प्रथम, भवानी मावि कुसुमखोला द्वितीय र भैरव जनता मावि भैरवस्थान तृतीय भए।

चित्रकला प्रतियोगितामा बालबालिकाले आफ्नो कल्पनाशक्ति, सृजनात्मकता र सामाजिक सन्देशयुक्त चित्र कोरे। चित्रकलाले साना कक्षाका बालबालिकामा रंग र अभिव्यक्तिको माध्यमबाट विचार प्रकट गर्ने सीप विकास गरेको छ। चित्रकला प्रतियोगितामा ज्ञानमाला मावि फेक प्रथम, लक्ष्मी मावि माल्मुङ्ग द्वितीय र भैरव मेमोरियल बोडिङ्ग स्कुल तृतीय भए।

यस्ता कार्यक्रमले बालबालिकाको आत्मविश्वास बढाउने, प्रतिस्पर्धाको भावना विकास गर्ने र समग्र शैक्षिक गुणस्तरमा योगदान पुऱ्याउन सहयोग पुग्ने गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए। प्रतिभा पहिचान कार्यक्रमले बालबालिकाको क्षमता विकासमा योगदान पुऱ्याएको छ। रिब्दीकोट गाउँपालिकाले सञ्चालन गरेको बालप्रतिभा पहिचान कार्यक्रमले विद्यालय शिक्षासँगै बालबालिकाको सिर्जनात्मक सोंच र आत्मविश्वासमा नयाँ ऊर्जा थपेको देखिन्छ।

# हरैया बहुमुखी क्याम्पस क्यूएए प्रमाणीकरणको अन्तिम चरणमा



कञ्चन। रुपन्देहीको ग्रामीण क्षेत्रमा स्थापित हरैया बहुमुखी क्याम्पस उच्च शिक्षाको लागि गुणस्तर आश्वासन एजेन्सी क्यूएए मान्यता प्रमाणीकरणको अन्तिम चरणमा पुगेको छ। विश्वविद्यालय अनुदान आयोगअन्तर्गतको गुणस्तर आश्वासन तथा प्रमाणीकरणका लागि विश्वविद्यालयय अनुदान आयोगका प्रतिनिधिहरु हरैया बहुमुखी क्याम्पसको अन्तिम अवलोकन तथा निरीक्षणमा आएका छन्।

क्याम्पसको अन्तिम निरीक्षणमा आएका आयोगका प्रतिनिधिहरुले कार्तिक २९ गतेसम्म क्याम्पसको शैक्षिक, प्रशासनिक, भौतिक पूर्वाधार, वित्तीय व्यवस्थापन तथा छात्र-छात्रा सहभागितालगायतका विभिन्न पक्षहरूको निरीक्षण गरी सरोकारवालाहरुबिच अन्तर्क्रिया तथा छलफल समेत गर्ने हरैया बहुमुखी क्याम्पसले जनाएको छ। निरीक्षणको क्रममा टोलीले क्याम्पसले प्रस्तुत गरेका दस्ताबेज र प्रतिवेदनका आधारमा आवश्यक प्रश्नोत्तर सत्र समेत सञ्चालन गर्ने निरीक्षण टोलीका एक सदस्यले बताएका छन्।

विश्वविद्यालय अनुदान आयोगका हरैया बहुमुखी क्याम्पस QAA संयोजक प्राध्यापक डा. लेखनाथ भट्टराईले हरैया बहुमुखी क्याम्पसले क्याम्पसको उच्च शिक्षाको गुणस्तरीयताका मापदण्डहरू पूरा गर्ने दिशामा उल्लेखनीय प्रगति गरेको बताएका छन्। क्याम्पसका शुभेच्छुक तथा सरोकारवालहरु बिच क्याम्पसमा बुधबार भएको अन्तर्क्रिया कार्यक्रममा यूजिसीका प्रतिनिधि प्राध्यापक डा. भट्टराइले QAA प्रमाणीकरण क्याम्पसको रुपमा मान्यता प्राप्तीका लागि क्याम्पसले अझ उच्च शैक्षिक उत्कृष्टता हासिल गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले हरैया बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगले दिने सबै मापदण्ड र प्रकृयाहरु पूरा गरी छिट्टै नै उच्च शिक्षाको लागि गुणस्तर आश्वासन एजेन्सी QAA मान्यता पाउने विश्वास व्यक्त गरिन्।

सो कार्यक्रममा शिक्षाशास्त्र संकाय प्रमुख तथा त्तब्ब फोकल पर्सन विनोद पौडेलले विश्वविद्यालय अनुदान आयोगबाट प्री-भिजिटको क्रममा प्राप्त सुझाब अनुसार भएका कामको प्रगति विवरण प्रस्तुत गरेका थिए। उच्च शिक्षा सञ्चालन गरेका सामुदायिक तथा निजी क्याम्पसहरुलाई गुणस्तर आश्वासन तथा प्रमाणिकरण प्रक्रियाका लागि शिक्षण संस्थाको शैक्षिकस्तर, पारदर्शिता, उत्तरदायित्व र सुधारको मापदण्ड पूरा गर्ने संस्थालाई विश्वविद्यालय अनुदान आयोगले QAA मान्यता दिने भएकोले हरैया बहुमुखी क्याम्पसले ती सबै आवस्यक मापदण्ड र प्रकृया पुरा गरेको पौडेलले बताए।

क्याम्पसको अन्तिम भ्रमणमा आएका विश्व विद्यालय अनुदान आयोगका प्रतिनिधिहरुलाई स्वागत गर्दै क्याम्पस प्रमुख प्रकाश खनालले क्याम्पसको अनुगमन तथा निरीक्षण सफलतापूर्वक सम्पन्न हुने र छिट्टै क्याम्पसले QAA प्रमाणिकरण प्राप्त गर्ने अपेक्षा गरिएको जनाए।

# ग्रेसको स्थापनामा रक्तदान



बुटवल। ग्रेस इन्टरनेसनल बुटवलले आफ्नो १९ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। बुटवल-६, अमरपथस्थित ग्रेस इन्टरनेसनलको परिसरमा आयोजित कार्यक्रममा कर्मचारी, विद्यार्थी र सर्वसाधारणले उत्साहपूर्वक रक्तदान गरेका थिए।

"मानवताको लागि रक्तदान, मानव सेवामा हातेमालो" भन्ने नारासहितको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रुपन्देही र नेपाल रक्तसंघ लुम्बिनीको प्राविधिक सहयोग रहेको थियो।

कार्यक्रममा ७३ युनिट रगत संकलन भएको ग्रेस बुटवलका म्यानेजिङ डाईरेक्टर इश्वर भट्टराईले जानकारी दिए।

महिला रक्तदाताहरूको उल्लेखनीय सहभागिता रहेको बताउँदै उनले स्वास्थ्य परीक्षणपछि सुरक्षित रूपमा रक्तदान गराइएको बताए।

सोही अवसरमा विद्यार्थीहरुसँग वार्षिकोत्सव मनाउने बताउँदै उनले विद्यार्थीहरुलाई शैक्षिक सामग्री, कम्प्युटर सेट एक थान र न्यानो कपडा वितरण गरिने जानकारी दिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत ५१ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com